# आय आर्जन सम्बन्धी कार्यविधि, २०७७

नगर कार्यपालिकाको बैठकबाट पारित मिति : २०७७/०९/१२

भूमिकास्थान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# आय आर्जन सम्बन्धी कार्यविधि, २०७७

पृष्ठभूमी :

भूमिकास्थान नगरपालिकाभित्र बसोबास गरी कृषि पेशामा आबद्ध रही आय आर्जन गरी कृषि उत्पादनमा बृद्धि गर्न इच्छुक विपन्न तथा दलित परिवारका सदस्यहरुलाई प्राथमिकता दिई पोषण तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउने ध्येयले नगरपालिकाबाट संचालन हुने कार्यक्रमहरुलाई ब्यबस्थित, सरल, प्रभावकारी एवं पारदर्शी रुपमा संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तथा भूमिकास्थान प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन, २०७५ बमोजिम "आय आर्जन सम्बन्धी कार्यविधि, २०७७" लागु गरिएको छ ।

परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम "आय आर्जन कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "कार्यालय" भन्नाले भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय भन्ने बुझ्नु पर्दछ ।

ख) "ब्यबस्थापन समिति" भन्नाले जिल्ला ब्यबस्थापन तथा समन्वय समितिलाई बुझ्नु पर्दछ ।

ग) "सिफारिस समिति" भन्नाले कार्यक्रम सिफारिस समितिलाई बुझ्नु पर्दछ ।

घ) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमलाई बुझ्नु पर्दछ ।

ङ) "लक्षित समूह" भन्नाले कार्यक्रमले सेवा पुऱ्याउने लक्षित वर्ग बुझ्नु पर्दछ ।

च) "कार्यविधि" भन्नाले आय आर्जन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ र सो शब्दले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम कार्यविधि, २०७५ र कार्यक्रम कार्यान्वयनका लागि बनेका अन्य कार्यविधि समेतलाई बुझ्नु पर्दछ ।

छ) "छानविन तथा सिफारिस समिति" भन्नाले कार्यक्रम कार्यान्वयनका लागि लाभग्राहीबाट प्राप्त निवेदन छानविनका लागि गठन भएको छानविन तथा सिफारिस समितिलाई बुझ्नु पर्दछ ।

३. उद्देश्य :

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क) आर्थिक तथा सामाजिक रुपमा विपन्न व्यक्ति/समुदायको उत्थान गर्न, रोजगारीको अवसरका माध्यमबाट आय आर्जन बृद्धि गर्न, सीप तथा प्रबिधिको

हस्तान्तरण मार्फत जीवनस्तर सुधार गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

ख) गरिबीको रेखामुनि रहेका विपन्न तथा गरिब परिवारका दलित परिवारलाई शिक्षा स्वास्थ्य तथा खाद्य सुरक्षामा सहयोग गर्ने ।

## परिच्छेद-२

४. लक्षित समूह, कार्यक्रम संचालन क्षेत्र र कार्यक्रमहरु :

यस कार्यक्रमका लक्षित समूहहरु देहाय बमोजिम हुनेछन् :

क) गरिबीको समस्याबाट प्रभावित घर परिवार,

ख) असहाय, जेष्ठ नागरिक, एकल महिला, बालबालिका एवं अपाङ्गता भएका व्यक्ति,

ग) दलित, पिछडीएका एवं अल्पसंख्यक समुदायहरु,

घ) प्रकोपबाट घरबार विहिन तथा विस्थापित घर परिवार,

ङ) बैदेशिक रोजगारबाट फर्केका तथा रोजगारी गुमाएका घर परिवारहरु,

च) विभिन्न कारणले विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरु,

छ) संक्रमण रोग तथा विभिन्न विपदमा परेका व्यक्ति तथा घर परिवारहरु ।

५. कार्यक्रम संचालन क्षेत्र :

यस कार्यविधिअनुसार संचालन गरिने कार्यक्रमहरु भूमिकास्थान नगरपालिकाका १० वटै वडाहरुमा संचालन हुनेछन् ।

६. कार्यक्रमहरु :

क) यस कार्यविधि अनुसार मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमले लक्षित गरेका कार्यक्रमहरु संचालन गरिने छ ।

ख) कार्यक्रम ब्यबस्थापन तथा समन्वय समिति अर्घाखाँचीबाट स्वीकृत भएका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रक्रिया एवं लाभग्राहीको योग्यता

७. कार्यक्रम संचालन प्रकृया एवं लाभग्राहीको योग्यता :

७.१ कार्यक्रम संचालन प्रकृया :

क) कार्यक्रममा सहभागी हुन चाहने लाभग्राही (लक्षित समुदाय तथा वर्ग) का लागि कम्तिमा १५ दिनको सूचना मार्फत नगरपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन माग गर्नेछ ।

ख) लाभग्राहीले आफ्नो नागरिकता, जग्गाधनी प्रमाण पुर्जा र सम्बन्धित वडाको शिफारिस पेश गर्नु पर्नेछ ।

ग) सम्बन्धित वडाले बुँदा नम्बर ख अनुसार योग्य भएको भनि अनुसूची-२ बमोजिम सिफारिस गर्नु पर्नेछ ।

घ) उक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने अन्य कार्यक्रमहरुको क्षेत्र अनुसार तोकिए बमोजिम हुनेछ ।

७.२ लाभग्राहीको योग्यता :

(१) विपन्न परिवारको हकमा,

(क) फूसको छाना, कच्ची घर भएको,

(ख) ५ रोपनी भन्दा कम जग्गा जमीन भएको वा ३ महिनालाई खान नपुग्ने, अन्य व्यक्तिको जग्गा लिज/भाडामा लिई कृषि कार्य गरेको

(ग) परिवारको कुनैपनि सदस्यको रोजगारी नभएको,

(घ) नगरपालिकाको स्थायी बासीन्दा,

(ङ) नेपाली नागरिक हुनुपर्ने,

(च) एकल महिला घरमूली भएको,

(छ) पूर्ण अपाङ्ग भएको परिवार,

(ज) कोभिड लगायत अन्य महामारीको रोग कारण आन्तरिक तथा बैदेशिक रोजगार गुमाएको,

(झ) उल्लेखित परिस्थिति रहेको भनि स्वःघोषणा गरेका,

(२) दलित परिवारको हकमा,

(क) आर्थिक रुपमा विपन्न दलित घर परिवार,

(ख) दफा ७ को उपदफा ७.२ को (१) अनुसारको अवस्था भएको घर परिवार ।

(३) दफा ७ को उपदफा ७.२ को १ र २ मा योग्यता पुगेका लाभग्राहीहरुलाई पहिलो प्राथमिकता दिने र उक्त प्रकृतिका लाभग्राहीलाई सेवा पुगेमा वा सो प्रकृतिका लाभग्राही उपलब्ध हुन नसकेमा प्राथमिकताका आधारमा अन्य लाभग्राहीलाई सेवा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४
## छानविन तथा सिफारिस समिति

८. छानविन तथा सिफारिस समितिसम्बन्धी ब्यबस्था :

क) ब्यबसाय तथा कार्यक्रम संचालन गर्न चाहने लाभग्राहीका प्राप्त निवेदनहरु छानविन गरी कार्यान्वयनका लागि नगर सिफारिस समितिमा पेश गर्न देहायबमोजिमको छानविन समिति रहने छ ।

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. योजना शाखा प्रमुख - सदस्य

३. सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य सचिव

बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिने छ ।

ख) छानविन समितिले तोकिएको आधारमा मूल्याङ्कन गरी नगरस्तरीय सिफारिस समितिमा पेश गर्नेछ ।

९. छानविनका आधारहरु :

| | | |
|---|---|---|
| क) | सम्बन्धित वडामा स्थायी बसोबास गर्ने | ५ अङ्क |
| ख) | ५ रोपनी भन्दा कम जग्गा भए | ५ अङ्क |
| ग) | एकल महिला घरपरिवार भए | ५ अङ्क |
| घ) | आय आर्जनका कुनै क्षेत्र नभएको भए | ५ अङ्क |
| ङ) | आफ्नो जग्गा नभई अरुको जग्गा लिज/भाडामा लिई कृषि कार्य गरेको | १० अङ्क |
| च) | घरमुली अपाङ्ग भएमा | ५ अङ्क |
| ज) | कोभिड-१९ का कारण रोजगारी गुमाएका | ५ अङ्क |
| झ) | गरिबीको रेखामुनी रहेका परिवार | ५ अङ्क |
| ञ) | दलित परिवार | ५ अङ्क |
| | जम्मा : | ५० अङ्क |

## परिच्छेद-५
## अनुदान सम्बन्धी व्यबस्था

१०. अनुदान सम्बन्धी व्यबस्था :

क) छनोट भई व्यबसाय तथा कार्यक्रम संचालन गर्न चाहने लाभग्राहीका लागि सीप विकासका कार्यक्रम तथा वस्तुगत अनुदान उपलब्ध गराउनु पर्नेछ ।

ख) वस्तुगत सामग्रीहरु उपलब्ध गराउँदा सार्वजनिक खरिद ऐन, नियमावली एवं प्रचलित कानुनी व्यबस्थाअनुसार नगरपालिकाले व्यबस्था गरी लाभग्राहीलाई सम्बन्धित वडा कार्यालय वा पायक पर्ने स्थानमा उपलब्ध गराउनु पर्नेछ ।

ग) वस्तुगत अनुदान/सामग्रीको परिमाण तथा संख्या नगरपालिकाको सिफारिस समितिले निर्धारण गरेबमोजिम लाभग्राहीलाई प्रदान गर्नुपर्ने छ ।

घ) जुन उद्देश्यका लागि अनुदान उपलब्ध गराइएको हो सोही प्रयोजनमा लाभग्राहीले प्रयोगमा ल्याउनु पर्नेछ ।

ङ) यस कार्यविधिले लक्षित गरेका कार्यक्रमहरु सञ्चालन गर्न कार्यक्रमको प्रकृती अनुसार थप कार्यविधि निर्माण गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

ङ) लाभग्राहीका लागि उपलब्ध गराइएको अनुदान अन्य क्षेत्रमा प्रयोगमा ल्याएमा वा खाइ मासेमा त्यस्ता लाभग्राहीलाई नगरपालिकाले कालोसूचीमा राखी नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा उपलब्ध गराउन बाध्य हुनेछैन ।

## परिच्छेद-६
## खर्च ब्यबस्थापन तथा लेखापालन

११. खर्च ब्यबस्थापन तथा लेखापालन सम्बन्धी ब्यबस्था :

क) यस कार्यक्रमको लागि कुनैपनि प्रकारको पेश्की उपलब्ध गराउनु हुँदैन । तर कुनै वस्तु वा सामग्री तोकिएको मापदण्ड अनुसार संघ/संस्था/फर्म/सप्लायर्सबाट आपूर्ती हुन नसकी कृषकबाट तोकिएको मापदण्डमा खुद्रा खरिद गर्नु परेमा बाधा पर्नेछैन ।

ख) अनुगमन निरीक्षण भई प्रतिवेदन प्राप्तिपश्चात बिल भरपाई र आवश्यक कागजातहरुको आधारमा भुक्तानी उपलब्ध गराउनु पर्नेछ ।

ग) भुक्तानी दिंदा नियमानुसार करकट्टी गरी भुक्तानी दिनुपर्ने छ ।

घ) कार्यक्रमको लेखापरीक्षण सम्बन्धी कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-७
## अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

१२. कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी ब्यबस्था :

क) कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यक्रम अगाडि, अवधिभर तथा पश्चात अनुगमन गर्नुपर्ने छ ।

ख) कार्यक्रमको अनुगमन प्रदेश सरकार, जिल्ला ब्यबस्थापन तथा समन्वय समितिबाट समेत हुने ब्यबस्था मिलाउनु पर्नेछ ।

ग) कार्यक्रमको अनुगमनबाट मूल्याङ्कन गर्नुका साथै सम्बन्धित निकायमा तोकिएबमोजिम प्रतिवेदन सम्प्रेषण गर्नुपर्ने छ ।

## परिच्छेद-८
## विविध

१३. थपघट तथा हेरफेर गर्न सक्ने :

यस कार्यविधिलाई कार्यान्वयन गर्न तथा थप ब्यबस्थित र प्रभावकारी बनाउन नगरपालिकाले नगर कार्यपालिकाको बैठकबाट कार्यविधिमा थपघट तथा हेरफेर गर्न सक्ने छ ।

१४. कार्यविधि कार्यान्वयनमा बाधा तथा अस्पष्टता भएमा बाधा अड्काउ फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले ब्याख्या गर्न सक्नेछ ।

१५. कार्यक्रम समाप्ती पछि कार्यक्रमको मूल्याङ्कन, पृष्ठपोषण र प्रभावकारीताका सम्बन्धमा नगरपालिकाले सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

१६. प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची-१
( दफा ७ उपदफा ७.१ को (क) सँग सम्बन्धित )

लाभग्राहीले अनुदानका लागि नगरपालिकामा दिने निवेदनको ढाँचा

मिति :      /     /

श्री संयोजक ज्यू,
आय आर्जन अभिबृद्धि कार्यक्रम,
भूमिकास्थान नगरपालिका, अर्घाखाँची ।

बिषय : अनुदान उपलब्ध गराईदिनुहुन ।

महोदय,

प्रस्तुत बिषयमा त्यस नगरपालिकाको मिति  /   /   गते प्रकाशित सूचनाअनुसार म आय आर्जन कार्यक्रम मार्फत स्वरोजगार बनी दैनिक जीवनस्तरमा सुधार गरी आर्थिक विकासमा टेवा पुग्ने उद्देश्य राखी ................................ कार्यक्रमको अनुदान उपलब्ध गराईदिनुहुन तपसिलको विवरण खुलाई कागजातसहित यो निवेदन पेश गर्दछु ।

तपसिल

१) कोभिड-१९ र अन्य रोगको महामारीका कारण ................................ मा रोजगार गर्दै आएकोमा हाल बेरोजगार भई बसेको,
२) मेरो परिवारको कुनैपनि सदस्य रोजगारीमा नभएको,
३) संलग्न जग्गाधनी प्रमाणपूर्जा भन्दा बढी जग्गा नभएको,
४) अपाङ्ग/एकल महिला घरधनी भएको,
५) अनुदान प्राप्त गरेमा कुनैपनि हिनामिना नगर्ने मञ्जुरी भएको,
६) नागरिकताको प्रमाणपत्र,
७) जग्गाधनी प्रमाणपूर्जा, अपाङ्गताको परिचय पत्र ।

निवेदक
हस्ताक्षर :
नामः
ठेंगाना : भूमिकास्थान नगरपालिका, वडा नं.....
फोन नम्बर :

कबुलियतनामा :

उल्लेखित बिषय साँचो हो । झुट्ठा छैन । तहाँ कार्यालयबाट आय आर्जनका लागि अनुदान उपलब्ध भएमा कार्यक्रम सही सदुपयोग गर्नेछु । खाईपाई मासेमा वा हिनामिना गरेमा सो बराबरको क्षतिपूर्ति उपलब्ध गराउने छु भनी सही गर्ने :

रोहवर :

हस्ताक्षर :
नामः
पद :
ठेंगाना : भूमिकास्थान नगरपालिका, वडा नं.....

अनुसूची-२
( दफा ७ को उपदफा ७.१ को (ग) सँग सम्बन्धित )

वडा कार्यालयले दिने सिफारिसको ढाँचा

मिति : २०७७/ /

श्री भूमिकास्थान नगरपालिका,
नुवाकोट, अर्घाखाँची ।

बिषय : शिफारिस सम्बन्धमा ।

प्रस्तुत बिषयमा तहाँ नगरपालिकाबाट मुख्यमन्त्री ग्रामीण विकास रोजगार कार्यक्रम मार्फत उपलब्ध हुने अनुदान भूमिकास्थान नगरपालिका वडा नं....., टोल ............. निवासी बर्ष ....... को .................................... लाई आय आर्जन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची १ बमोजिम अनुदान प्राप्त गर्न योग्य भएकोले अनुदान उपलब्ध गराईदिनुहुन सिफारिससाथ अनुरोध छ ।

..........................
वडा अध्यक्ष